नेपाली सेना

श्री भर्ना छनौट निर्देशनालय कार्यरथी विभाग

जंगी अड्डा

# अधिकृत क्याडेट पदको लागि दरखास्त आव्हान

(प्रथम पटक प्रकाशित मिति २०७४/०९/०४ गते)

१. नेपाली सेनाको स्वीकृत दरबन्दी भित्र रिक्त अधिकृत क्याडेट पदमा समावेशी तथा खुला प्रतिष्पर्धाबाट पदपूर्ति गर्नका लागि दरखास्त आव्हान गरिएको छ । योग्यता पुगेका नेपाली नागरिकले नेपाली सेनाको वेभ साईट **www.nepalarmy.mil.np** बाट **Online** दरखास्त फाराम भरी सो को प्रिन्ट आउट सहित स्वयम् उपस्थित भई तोकिएको भर्ना केन्द्रमा रू.१०।- (दश) को टिकट टाँसी दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

२. आवश्यक संख्या:

| विज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुला तर्फ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | | |
| ०७४/७५/२६ | अधिकृत क्याडेट | १३ | २२ | १९ | १० | ३ | ८३ | १५० |

३. दरखास्त पेश गर्ने मिति र स्थान:

(क) दरखास्त मिति: मिति २०७४/०९/०४ गतेदेखि मिति २०७४/१०/०३ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०७४/१०/०४ गतेदेखि मिति २०७४/१०/१० गतेसम्म थप दिन ७ हुनेछ । उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ ।

(ख) अन्तिम मिति: मिति २०७४/१०/०३ गते । (थप दिन ७ को लागि मिति २०७४/१०/१० गतेसम्म)

(ग) स्थान

(१) श्री भर्ना छनौट निर्देशनालय, जंगी अड्डा, भद्रकाली । (२) श्री पूर्वी पृतना हे.क्वा., ईटहरी व्यारेक, सुनसरी ।

(३) श्री मध्य पृतना हे.क्वा., सुपारेटार व्यारेक, हेटौडा । (४) श्री पश्चिम पृतना हे.क्वा., विजयपुर व्यारेक, पोखरा ।

(५) श्री उत्तर पश्चिम पृतना हे.क्वा., निमारे व्यारेक, सुर्खेत । (६) श्री सुदुर पश्चिम पृतना हे.क्वा., राजपुर व्यारेक, दिपायल ।

४. दरखास्त दस्तुर: सबै उम्मेदवारहरुले खुलातर्फ अनिवार्य रुपले फाराम भर्नु पर्नेछ र सो वापत दस्तुर रू.१,०००।-(एक हजार) बुझाउनु पर्नेछ । यदि कुनै उम्मेदवारले समावेशी तर्फ भर्न ईच्छुक भएमा सो वापत प्रत्येक समुहको लागि थप २० % का दरले दस्तुर लाग्नेछ ।

५. आवश्यक योग्यता:

(क) शैक्षिक योग्यता:

| विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| ०७४/७५/२६ | अधिकृत क्याडेट | (क) प्रमाणपत्र तह वा सो सरह/स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने ।<br>(ख) विदेशबाट एस.एल.सी. वा प्रमाणपत्र तहको परीक्षा उत्तीर्ण गर्नेको हकमा अनिवार्य गणित विषय लिएको हुनुपर्ने । | |

(ख) शारीरिक योग्यता

| सि.न. | विवरण | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|
| १ | उचाई | न्यूनतम ५ फिट ३ ईन्च | न्यूनतम ५ फिट | चस्मा प्रयोग गर्ने भएमा आंखा ± २ (दुई) भन्दा बढी कमजोर नभएको हुनुपर्ने । |
| २ | छाती | नफुलाउंदा न्युनतम ३२ ईन्च र फुलाउंदा न्युनतम ३४ ईन्च | | |
| ३ | वजन | न्यूनतम ५० के.जी. (११० पौण्ड) | न्यूनतम ४० के.जी. (८८ पौण्ड) | |

(ग) अन्य योग्यता: उम्मेदवारहरु नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको साथै तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको हुनुपर्नेछ । साथै अन्य योग्यताको हकमा "सैनिक सेवा नियमावली-२०६९" तथा "सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त-२०६४" ले तोके अनुसार हुनुपर्नेछ ।

६. उमेरको हद:

(क) प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता हुनेको हकमा दरखास्त पेश गर्ने अन्तिम मिति २०७४/१०/०३ गते का दिन १८ वर्ष पुरा भई २१ वर्ष ननाघेको हुनुपर्नेछ ।

(ख) स्नातक तह वा सो सरहको शैक्षिक योग्यता हुनेको हकमा दरखास्त पेश गर्ने अन्तिम मिति २०७४/१०/०३ गतेका दिन १८ वर्ष पुरा भई २४ वर्ष ननाघेको हुनुपर्नेछ ।

(ग) बहालवाला सैनिक उम्मेदवारहरुको हकमा दरखास्त पेश गर्ने अन्तिम मिति २०७४/१०/०३ गतेका दिन २६ वर्ष ननाघेको हुनुपर्नेछ ।

७. नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागि

(क) बहालवाला उम्मेदवारहरुबाट दरखास्त दिनेहरुको हकमा सैन्य आधार तालिम गरेको हुनुपर्नेछ । साथै दरखास्त पेश गर्ने अन्तिम मिति २०७४/१०/०३ गतेका दिन न्यूनतम सेवा अवधी २ (दुई) वर्ष पुरा भएको हुनुपर्नेछ ।

(ख) युनिटपतिको सिफारिस अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

८. दरखास्तसाथ समावेश गर्नुपर्ने आवश्यक कागजादहरु देहाय बमोजिमका कागजादहरुको प्रतिलिपि उम्मेदवारहरु स्वयंले प्रमाणित गरी १/१ प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नुपर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण–पत्रहरु उपर कुनै कारवाही गरिने छैन । दरखास्त दिन आउंदा पेश गरिने सबै कागजादको सक्कल प्रति अनिवार्य रुपमा साथमा ल्याउनुपर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण–पत्र ।

(ख) एस.एल.सी.को लब्धाङ्क पत्र, चारित्रिक प्रमाण पत्र र प्रोभिजनलको सक्कल प्रति ।

(ग) प्रमाणपत्र तह (१०+२) को ट्रान्सक्रिप्ट (लब्धाङ्क पत्र), चारित्रिक प्रमाण पत्र र प्रोभिजनलको सक्कल प्रति ।

(घ) स्नातक तह उत्तीर्ण गर्नेको हकमा ट्रान्सक्रिप्ट (लब्धाङ्क पत्र), चारित्रिक प्रमाण पत्र र प्रोभिजनलको सक्कल प्रति ।

(ङ) नेपालका विश्वविद्यालयहरु बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयबाट उपाधी हासिल गर्नेहरुको हकमा त्रि.वि.वि.बाट प्रकाशित समकक्षताको मान्यता प्राप्त पुस्तकबाट आफुले हासिल गरेको उपाधीको समकक्षताको फोटोकपी र माईग्रेसन (स्थानान्तरण) को प्रमाण–पत्र समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(च) शैक्षिक योग्यता बाहेक आफुले प्राप्त गरेको अन्य प्रमाण–पत्रहरु (अतिरिक्त क्रियाकलाप र विविध विषय सम्बन्धि प्रमाण–पत्रहरु) भएमा ।

(छ) समय अभावको कारणले आवश्यक अन्य बिवरण (चारित्रिक प्रमाण पत्र आदि) दरखास्तको मितिबाट ३० (तीस) दिन सम्म पेश गर्ने गरि दरखास्तको अन्तिम मिति २०७४/१०/१० गतेसम्म उम्मेदवारहरुले न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र (Mark Sheet) मात्र पेश गरेमा पनि दरखास्त दर्ता गर्न सकिनेछ ।

(च) समावेशीतर्फ दरखास्त दिने उम्मेदवारहरुको हकमा निम्न थप कागजातहरु समेत पेश गर्नुपर्नेछ ।

(१) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी- १ (एक) प्रति । तर, नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सुचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(२) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी-१ (एक) प्रति । तर, राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(३) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि-१ (एक) प्रति ।

(४) पिछडिएको क्षेत्रका लागि मनाङ्ग, मुस्ताङ्ग, अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गा.वि.स./नगरपालिकाबाट दरखास्त दिंदाको बखतसम्म सोहि स्थानमा स्थायी बसोवास गरेको सिफारिसको प्रतिलिपि-१ (एक) प्रति ।

(५) समावेशीतर्फ राजपत्रमा सूचिकृत भएका थर तथा समुह प्रष्ट भएमा र सो समुहमा दरखास्त दिन चाहेमा उम्मेदवारले समावेशीतर्फको प्रमाणपत्र पेश गर्न अनिवार्य ठानिने छैन ।

९. फोटोग्राफ: उम्मेदवारहरुले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो प्रति ३ (तीन) दरखास्त साथ पेश गर्नुपर्नेछ ।

१०. सम्पर्क मिति: २०७४/१०/११ गतेको १४०० बजे दरखास्त पेश गरेको सम्बन्धित भर्ना केन्द्र ।

११. छनौट प्रक्रिया: उम्मेदवारहरुको छनौट परीक्षा अन्तर्गत शारीरिक परीक्षासम्म दरखास्त पेश गरेको सम्बन्धित भर्ना केन्द्रमा हुनेछ र बांकी रहेका अन्य परीक्षाहरु भर्ना छनौट निर्देशनालय, जंगी अड्डाले तोकेको स्थानमा संचालन हुनेछ ।

(क) बियरिङ्ग परीक्षा: यस परीक्षामा उम्मेदवारहरुको उचाई, बजन, छाती (महिला उम्मेदवार बाहेकको) र शारीरिक बनावट परिक्षण गरिनेछ । शारीरिक बनावट परिक्षणमा हेरिने बुदांहरु: अंगभंग नभएको/कुरुप नदेखिने, हात खुट्टा बाङ्गो टिङ्गो र औंलाहरू ठीक भएको, घुंडा नजोडिने (Knee Lock), उम्मेदवारहरु उभिदा अस्वभाविक नदेखिने, हात खुट्टामा मुसा नभएको, धेरै चेप्टो पैताला भएको, प्रष्ट बोली भएको (भकभके वा लठ्यौरो हुन नहुने), दांत नझरेको (किरा लागेको भए भरेको हुनुपर्ने), ढाड कुप्रो नभएको, शरीर पुरा झुकाउन सक्ने, जिउ कोल्टे नपरेको, दुबी नभएको, कपाल नझरेको, कपाल नफुलेको वा नरंगाएको, आंखा डेढो नभएको, बायां आंखा चिम्लन सक्ने (सम्बन्धितको Master Eye को विपरित आंखा चिम्लन सक्ने), ज्यादै छिप्पिएको नदेखिने, लुरे नदेखिने, उचाई अनुसारको तौल हुनुपर्ने, शरीर मोटो तर हात खुट्टा झिनो नदेखिने, शरीरमा ट्याटु मार्क नबनाएको, अनुहारमा अस्वभाविक दाग/खतहरू नभएको, आंखा चेक गर्दा विज्ञापनमा उल्लेख भए बमोजिम गर्नु पर्नेछ ।

(ख) प्रारम्भिक स्वास्थ्य परीक्षण: मान्यता प्राप्त चिकित्सकहरुद्वारा उम्मेदवारहरुको साधारण स्वास्थ्य परीक्षण गरिनेछ । यस परीक्षणमा नाक, कान, आंखा (कलर भिजन), ब्लड प्रेसर, हर्निया, पाईल्स, छाला आदि हेरिनेछ ।

(ग) शारीरिक परीक्षा

| पुरुष | महिला |
|---|---|
| (१) सिटअप- १५ पटक<br>(२) पुसअप- १० पटक<br>(३) चिनअप- ३ पटक<br>(४) ३०० मिटर दौड- ५५ सेकेण्डमा पुरा गर्नुपर्नेछ ।<br>(५) २ माईल दौड-१६ मिनेटमा पुरा गर्नुपर्नेछ । | (१) सिटअप- ८ पटक<br>(२) पुसअप- ५ पटक<br>(३) ३०० मिटर दौड- ६५ सेकेण्डमा पुरा गर्नुपर्नेछ ।<br>(४) २ माईल दौड- २१ मिनेटमा पुरा गर्नुपर्नेछ । |

(घ) आई.क्यु. परीक्षा: आई.क्यु. परीक्षा (बहुवैकल्पिक प्रश्नहरु) समय ३० मिनेटको हुनेछ ।

(ङ) लिखित परीक्षा:

(१) अंग्रेजी- प्रमाणपत्र तह वा सो सरह (समय २ घण्टा ३० मिनेट) ।

(२) नेपाली- प्रमाणपत्र तह वा सो सरह (समय २ घण्टा ३० मिनेट) ।

(३) गणित- एस.एल.सी. स्तर (समय २ घण्टा ३० मिनेट) ।

(४) सामान्य ज्ञान- बहुवैकल्पिक प्रश्नहरु (समय १ घण्टा १५ मिनेट)

द्रष्टव्य: उल्लेखित लिखित परीक्षाहरु श्री लोक सेवा आयोगबाट सञ्चालन गरिनेछ ।

(च) गुणमापक (**TO, GTO, IO**) परीक्षा : विशेषज्ञ अधिकृतहरुबाट संचालन गरिनेछ ।

(छ) विस्तृत स्वास्थ्य परीक्षण: मान्यता प्राप्त चिकित्सकहरुबाट विस्तृत स्वास्थ्य परीक्षण गरिनेछ । नेपाली सेनामा स्वास्थ्य उपचार सुविधा पाईरहेका उम्मेदवारहरु बाहेक अन्य उम्मेदवारहरुको विस्तृत स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम शुल्क लाग्नेछ ।

(ज) अन्तर्वार्ता: पदपूर्ति समितिका पदाधिकारीहरुबाट अन्तर्वार्ता हुनेछ ।

१२. तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु :- नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार ।

१३. अन्य शर्तहरु:

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदबारी दिदा बिभागीय स्वीकृति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ख) छनौट परीक्षाको दौरान आ–आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको घटना/दुर्घटना भएमा सो को जिम्मेवार स्वयम् उम्मेदवार हुनेछ ।

(ग) छनौट परीक्षाको क्रममा उम्मेदवारहरु आ-आफ्नै व्यवस्थाबाट तोकिएको परीक्षा स्थलमा पुग्नु पर्नेछ र सो बापत लाग्ने आर्थिक व्ययभार उम्मेदवार स्वयम् आफैले व्यहोर्नु पर्नेछ ।

(घ) उम्मेदवारहरु (बहालवाला बाहेक) महिला पुरुष दुवै अविवाहित हुनुपर्नेछ र तालीम अवधिभर विवाह गर्न पाईने छैन ।

(ङ) समावेशीतर्फ प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारहरुको हकमा आदिवासी/जनजाती, मधेशी तथा दलित मध्ये कुनै एक समुहमा मात्र दरखास्त दिई प्रतिष्पर्धा गर्न सक्नेछ । तर महिलाको हकमा यो व्यवस्था लागु हुने छैन । साथै पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदरवारहरुले पिछडिएको क्षेत्रमा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन् ।

(च) अधिकृत आधार तालिम सफलता पुर्वक सम्पन्न गरे पश्चात सहायक सेनानी दर्जामा नियुक्ति हुने छन् ।

(छ) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्र भागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat Related Duties/Combat Service Support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडि रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराईनेछ ।

(ज) उम्मेदवारहरुले पेश गरेको सम्पुर्ण विवरणहरुको सक्कल प्रति अन्तर्वार्ताको समयमा पेश गर्नु पर्नेछ । सो अवस्थामा फाराम भर्दा पेश गरेको विवरण फरक पर्न गएमा सम्वन्धित उम्मेदवारको परीक्षा रद्द गरिनेछ ।

१४. **Online** दरखास्त फाराम भर्ने सम्बन्धमा जानकारी:

(क) नेपाली सेनाको वेभ साईट **www.nepalarmy.mil.np** मा गएर **Career** भित्र **Recruitment & Selection** मा गई **"Apply Online"** मा **Click** गर्ने ।

(ख) **Online** दरखास्त फाराम भर्न निम्न अनुसारको विवरण आवश्यक पर्ने ।

(१) नेपाली नागरिकताको विवरण (२) व्यक्तिगत विवरण (३) शैक्षिक विवरण (४) पारिवारिक विवरण

(ग) Online दरखास्त फाराम भर्दा सुरुमा दरखास्तवालाको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा उम्मेदवारले तोकिएको न्युनतम योग्यता हासिल गरेको अवस्थामा मात्र त्यस पछि भर्नुपर्ने फारामहरुमा प्रवेश पाउने छन् । सो पश्चात उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण, पारिवारिक विवरण र शैक्षिक विवरण भरि सो को एकिन गर्ने । उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेश पत्र, राजश्व दस्तुरको भौचर प्रिन्ट गर्ने र PDF Format मा डाउनलोड गरि Save गर्ने ।

(घ) उक्त प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो, हुलाक टिकट टांस गरी निवेदकको सहिछाप सहित भर्ना केन्द्रमा तोकिएको मिति भित्र पेश गर्नुपर्नेछ । कुनै पनि उम्मेदवारले **Online** माध्यमबाट पहिलो ३० दिनको अवधि भित्र दरखास्त फाराम **Submit** गरी सोही अवधिमा स्वयं उपस्थित भई सो को प्रिन्ट सहितको फाराम बुझाउनु पर्नेछ अन्यथा म्याद थप गरिएको अवधिमा फाराम बुझाएमा दोब्बर दस्तुर लाग्नेछ । यदि कुनै उम्मेदवारले **Online** बाट मात्र निवेदन फाराम **Submit** गरेर सो को प्रिन्ट सहितको फाराम नबुझाएको अवस्थामा सो Online बाट मात्र **Submit** गरेको फारामलाई मात्र मान्यता दिईने छैन ।

(ङ) Online दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै **"Frequently asked Question"** मा गएर पनि आफ्नो कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ ।

नोट:

(१) "सैनिक सेवा नियमावली २०६९" र लोक सेवा आयोगको परामर्शमा तयार गरिएको "सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त-२०६४" को आधारमा पदपूर्ति गरिनेछ ।

(२) यो विज्ञापन तथा छनौट परीक्षा सम्बन्धी सबै सूचना नेपाली सेनाको वेभ साईट **www.nepalarmy.mil.np** मा हेर्न सकिनेछ ।

(३) थप केहि जानकारी लिनु परेको खण्डमा आफुलाई पायक पर्ने निम्न स्थानहरुमा सम्पर्क राख्न हुन समेत सूचित गरिन्छ ।

| सि.नं. | भर्ना केन्द्रहरु | सम्पर्क टेलिफोन नं. |
|---|---|---|
| १ | श्री भर्ना छनौट निर्देशनालय, जंगी अड्डा, भद्रकाली | ०१-४२४६९५० |
| २ | श्री पूर्वी पृतना हे.क्वा., ईटहरी व्यारेक, सुनसरी | ०२५-५९४९३३, ०२५-५८२३६२ |
| ३ | श्री मध्य पृतना हे.क्वा, सुपारेटार व्यारेक हेटौंडा | ०५७-५२२१००, ०५७-५२४२०० |
| ४ | श्री पश्चिम पृतना हे.क्वा, विजयपुर व्यारेक, पोखरा | ०६१-४११३११, ०६१-४११६७५, ०६१-४११०३१ |
| ५ | श्री उत्तर पश्चिम पृतना हे.क्वा, निमारे व्यारेक सुर्खेत | ०८३-४१४०४५, ०८३-४१४०२३ |
| ६ | श्री सुदुर पश्चिम पृतना हे.क्वा. राजपुर व्यारेक, दिपायल | ०९४-४४०४४०, ०९४-४४०४२४ |